विषयसूची

**हाम्रा रणनीतिक आधारहरु** .................... 2

**क्षेत्रगत नीतिहरु** .................... 3

**क. भौतिक पूर्वाधार विकास सम्बन्धी** .................... 4

अ. यातायात पूर्वाधार .................... 4

आ. भवन निर्माण तथा स्थानीय पूर्वाधार .................... 5

इ. उर्जा, सञ्चार तथा सूचना प्रविधि पूर्वाधार .................... 5

ई. आवास तथा बस्ती विकास .................... 6

**ख. आर्थिक विकास** .................... 6

अ. कृषि विकास .................... 6

आ. पशु विकास .................... 8

इ. सिंचाई .................... 9

ई. सहकारी तथा रोजगार प्रर्वधन कार्यक्रम .................... 9

**ग. सामाजिक विकास** .................... 10

अ. शिक्षा .................... 10

आ. युवा तथा खेलकुद .................... 12

इ. स्वास्थ्य तथा आयुर्वेद .................... 12

ई. खानेपानी तथा सरसफाई .................... 13

उ. लैङ्गिक समानता तथा महिला सशक्तिकरण, वालवालिका, दलित, अपाङ्गता भएका व्यक्ति र जेष्ठनागरिक सम्बन्धि नीति .................... 14

ऊ. सामाजिक सुरक्षा तथा संरक्षण .................... 15

ए. न्याय तथा कानुनी परामर्श सम्बन्धि नीति .................... 16

**घ. वन, वातावरण र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन** .................... 16

चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

- वडा नं. १,२ र ३ मा ५००० बोट उन्नतखालका केराका बोट लगाउने । प्रत्येक फर्म/व्यक्ति/सहकारी ले कम्तिमा 500 बोट रोप्नुपर्ने । बोटमा 75 % अनुदान र १००० बोट लगाउने कृषकलाई 50% अनुदानमा घेरवार निर्माण गरिदिने ।
- पालिका भित्रका १० वटा फर्म/व्यक्ति/सहकारी लाई १० नाली भन्दा बढी जग्गामा व्यवसायिक तरकारी खेति गर्ने कृषकहरुलाई ट्रयाक्टर, कृषि सामाग्री, विउ, किटनासक औषधि अनुदानमा दिने । सो १० वटा फर्महरुलाई पालिकाले नमुना तरकारी खेति फर्मका रुपमा विकास गरि उत्पादनमा अनुदान लगायतका सेवाहरु दिने ।
- वडा नं. १ को नियुलीमा रहेको सेतोचन्दन (श्रृखण्ड) लाई संरक्षण गरिने छ । यसै आ.व.मा २०० बोट सेतोचन्दन वृक्षारोपण गरि संरक्षित गरिनेछ ।
- प्रत्येक वडामा एकवटा (७*1) कम्तिमा 10 नाली वा सो भन्दा बढी जग्गामा मसला खेति गर्न फर्म/व्यक्ति/सहकारी लाई उत्पादनमा अनुदानको व्यवस्था गरिनेछ ।
- वडा नं. ३,४, र ५ मा २000 बोट सुन्तला रोप्ने व्यवस्था गरिने छ । कम्तिमा ५०० बोट एउटा फर्म/व्यक्ति/सहकारीले लगाउनु पर्नेछ । अनुदानमा बोट र १००० बोट लगाउने फर्म/व्यक्ति/सहकारी लाई घेरवारको व्यवस्था गरिने छ ।
- वडा नं. २ को झनाना र मौरीबगर क्षेत्रमा १००० बोट उन्नतखालका आँपका बोटहरु लगाउन कृषकलाई प्रोत्साहन र अनुदान दिईनेछ । व्यक्ति/फर्म/समुह/सहकारीले कम्तिमा ३०० बोट लिनुपर्ने छ ।
- जडिबुटी खेति गर्ने कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।

४. अगुवा कृषक लाई क्षमता वृद्धि गर्न तथा प्रविधि सम्बन्धि तालिमको व्यवस्था गरिनेछ ।

५. कृषि प्राविधिकहरुले कृषकको समस्याको समाधान तथा आवश्यक परामर्श दिन, अन्नबाली बोटविरुमा तथा तरकारीमा लाग्ने विभिन्न रोगहरुको नियन्त्रणका लागि प्राविधिक सहितको "कृषि घुम्ती शिविर" लाई निरन्तरता दिईनेछ ।

६. गा.पा भित्रका परमपरागत अन्न वाली (कोदो, फापर, गुण्धौलो धान, थापाचिनी धान, मार्स्या, कोदो, परापुलो धान, जौ, कागिनो/कागुनो आदी) को संरक्षण र प्रवर्धन गरिनेछ ।

७. व्यवसायिक तथा सामूहिक खेतीमा जोड दिदै, कृषक लाई प्रोत्साहन गर्न उत्कृष्ट कृषक (व्यक्ति, फर्म) लाई पुरस्कार तथा सम्मान गरिनेछ ।

८. कृषि प्राविधिकद्वारा गा.पा. भित्र सम्भावित खेतीका लागि माटो परीक्षण गरिनेछ ।

९. कृषि सिंचाई पोखरी निर्माण गर्ने नीति लिइनेछ।

आ. पशु विकास

१. दुग्ध विकासका लागि गाउँपालिका भित्र उन्नत जातका गाई, भैसी पालनमा कृषकलाई प्रोत्साहन गर्न अनुदान तथा बजारीकरणको सुनिश्चितता गर्ने निति लिईनेछ।

२. दुग्धविकास मझौला उद्योग पालिकामा सञ्चालनका लागि यस आ.व. को पौष भित्र अध्ययन गरि बजारको संभाव्यता लगायत सञ्चालनको खाका तयार गर्न DPR गर्न बजेटको व्यवस्था गरिनेछ। यसै आ.व. मा DPR रिपोर्टको कार्यान्वयनका लागि प्रक्रिया अगाडि बढाईनेछ।

३. मासुजन्य पदार्थमा आत्मनिर्भर हुन बाख्रापालन, कुखुरा तथा पन्छीपालन, माछापालन र बंगुरपालनलाई व्यवसायिकीकरण गर्न कृषकलाई प्रोत्साहनका लागि उत्पादनमा आधारित अनुदानको व्यवस्था गरि यस आ.व.मा निम्न परिणाम दिनेखालका कार्यहरु अगाडी बढाईनेछन्;-

- पालिकाभित्रका १० वटा फर्म/व्यक्ति/सहकारी लाई प्रत्येक लाई १० घार मौरीसहित वितरण गरिनेछ। (व्यवसायिक पालन गर्न कम्तिमा १0 घार लिनुपर्ने ७५ % अनुदानमा )
- वडा नं. १,२, मा ३-३ वटा कम्तिमा २5 बंगुर अट्ने फर्म/समुह/सहकारी लाई 70 % अनुदानमा खोर निर्माण गर्न बजेटको व्यवस्था गरिनेछ।
- मासुमा आत्मनिर्भर र निर्यात कर्ता पालिका बन्न व्यवसायीक बाख्रा, च्यांग्रा पालनमा जोड दिदै बाख्रा पालन गरिरहेको वा घरमा बाख्रा भएका कृषकहरुलाई प्राथामिकता दिदै वडा नं. ६ र ७ मा १00 बाख्रा अट्ने आधुनिक तीन-तीन वटा बाख्रा खोर निर्माण गर्ने। वडा नं. १,२,३,४ र ५ मा दुई दुई वटा 70 बाख्रा अट्ने आधुनिक खोर निर्माण गर्न। खोर निर्माणमा ७० % अनुदानको व्यवस्था गरिनेछ।
- बाख्राको नश्ल सुधारका लागि प्रत्येक वडामा १ वटा उन्नत खालको बोखा खरिद गर्न कृषकलाई खरिदमा ७० प्रतिशत अनुदान र ढुवानीमा सतप्रतिशत अनुदानको व्यवस्था गरिनेछ।

